# स्थानीय राजपत्र

ज्वालामुखी गाउँपालिका, धादिङद्वारा प्रकाशित

| खण्ड ६ | संख्या २ | मितिः २०७९/०५/३० |
| --- | --- | --- |


## भाग–२

**ज्वालामुखी गाउँपालिका**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) बमोजिमको ज्वालामूखी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरीएको छ।

सम्वत् २०७९ सालको कार्यविधि संख्या २

# विद्युत्तीय लिफ्ट तथा डिप बोरिङ खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यविधि, २०७९

**प्रस्तावना**

ज्वालामूखी गाउँपालिका क्षेत्र भित्र सञ्चालन भई रहेका विद्युतिय लिफ्ट तथा डिपवोरिङ खानेपानी योजनाहरुको मासिक विद्युत महशुल ज्वालामूखी गाउँपालिकाको गाउँसभाको नवौं अधिवेशनबाट स्वीकृत नीति र

वजेट व्यवस्थापन अनुसार हाल यस गाउँपालिकामा संचालनमा रहेका लिफ्ट तथा डिप वोरिङ खानेपानी योजनाहरुको विद्युत महशुल भुक्तानी गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार कार्यपालिकाको मिति २०७९ साल भाद्र ३० गतेको बैठकको निर्णयनुसार विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यविधि २०७९ तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिक नाम "विद्युतीय लिफ्ट तथा डिप वोरिङ खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यविधि २०७९" रहनेछ।

(२) यो कार्यविधि गाउँपालिकाले पारित गरेको मिति देखि तुरुन्तै लागु हुनेछ।

**परिभाषा** – विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा

(क) "गाउँपालिका" भन्नाले ज्वालामूखी गाउँपालिका सम्झनुपर्छ।

(ख) "व्यवस्थापन/समन्वय समिति" भन्नाले विद्युतिय लिफ्ट तथा डिप वोरिङ खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यक्रमलाई स-व्यवस्थित एवं पारदर्शि तवरले सञ्चालन गर्ने र अनुगमन मुल्याङ्कन गर्ने समेतको समितिलाई सम्झनुर्प।

(ग) "वडा कार्यालय" भन्नाले यस गाउँपालिका अन्तर्गतका वडा कार्यालयहरु सम्झनुपर्छ।

## परिच्छेद २

## उद्देश्य, मापदण्ड र क्षेत्र

**उद्देश्य**: यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ।

- विद्युतिय लिफ्ट तथा डिप वोरिङ खानेपानी योजनाका विद्युत महशुल भुक्तानी गर्न कठीनाई भई खानेपानीको पर्याप्तता नभएको कारण खानेपानी तथा सरसफाईलाई समेत समस्या परेकोले महशुल भुक्तानीमा अनुदान दिने कार्यक्रम सञ्चालन गर्नु यसको मुख्य उद्देश्य रहेकोछ।
- विद्युतिय लिफ्ट तथा डिप बोरिङ खानेपानी योजना सुचारु गर्न।

**क्षेत्र**: यस कार्यक्रमलाई देहाय बमोजिमको क्षेत्रमा विनियोजन गरी खर्च गर्नु पर्दछ।

यस गाउँपालिकामा निजी प्रयोजन बाहेक समुदायहरुको लागि खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले निर्माण भएका गाउँ क्षेत्र भित्रका सबै विद्युतिय लिफ्ट तथा डिप वोरिङ खानेपानी योजनाहरु यसको क्षेत्र पर्दछ।

**मापदण्ड** : विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यक्रमको मापदण्ड देहाय बमोजिम रहेको छ।

- समुदायको लागि खानेपानी सुविधा उपलब्ध गराउने गरी निर्माण भएका विद्युतिय लिफ्ट खानेपानी योजना
- उपभोक्ता समिति संस्था दर्ता अन्तर्गत दर्ता भएको वा मुल दर्ता अन्तर्गत दर्ता भई प्रमाण पत्र लिएको
- लिफ्ट तथा डिप वोरिङ खानेपानी योजना हुनुपर्ने।
- कम्तीमा १० घर भन्दा बढी घर धुरीलाई समेटेको हुनुपर्नेछ।
- समितिको बैंठक बसी नियमितता हुनु पर्ने।
- उपभोक्ता समिति तथा खानेपानी मुहानदर्ता समितिको दर्ता नविकरण भएको हुनुपर्ने।
- समितिको आर्थिक पारदर्शिता हुनु पर्ने।
- सम्वन्धित वडाको सिफारिश पेश गर्नुपर्ने।

## परिच्छेद–३

## समन्वय समिति

विद्युतिय लिफ्ट खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्यक्रमलाई सु-व्यवस्थित ढ्गले अगाडी बढाउन र अनुगमन एवं मुल्याङ्कन गर्न समेत देहाय बमोजिमको समन्वय समिति रहनेछ।

| | |
|---|---|
| संयोजक | : गाउँपालिका अध्यक्ष |
| सदस्य | : प्रमुख प्रशासकीय अधिकृत |
| सदस्य | : वडा अध्यक्ष सम्बन्धित वडाका |
| सदस्य | : संयोजक सामाजिक विकास समिति |
| सदस्य | : आर्थिक प्रशासन शाखा प्रमुख |
| सदस्य सचिव | : योजना शाखा प्रमुख |

- समन्वय समितिको बैठकमा आवश्यकता अनुसार खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्यक्रम संचालन गर्ने व्यक्तिहरुलाई सदस्य एवं विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।
- आफ्नो कार्य विधि थप गर्न, कार्यक्रम संचालन र व्यवस्थापन गर्न समन्वय समिति स्वायत्त हुनेछ।

**समितिको काम कर्तव्य र अधिकार**

- कार्यविधिको पूर्ण पालना गर्ने गराउने।
- स्वीकृत कार्यक्रम कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने।
- आवश्यक परे थप मापदण्ड बनाई कार्यान्वयन गर्ने।
- खानेपानी तथा सरसफाईको क्षेत्रमा कार्य गर्ने अन्य निकायहरुसँग समन्वय गर्ने।

**समितिको बैठक र निर्णय**

- समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

- समितिको बैठक संयोजकले तोकेको मिति समय र स्थानमा बस्नेछ।
- समितिको कुल सदस्य संख्याको ५० प्रतिशत सदस्यहरु उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको
- मानिनेछ।
- समितिको बैठकको निर्णय सदस्य सचिवले उठाउनेछ।

## परिच्छेद–४

## कार्यान्वयन प्रकृया

विद्युतिय लिफ्ट तथा डिप बोरिङ खानेपानी योजनाको विद्युत महशुल अनुदान दिने कार्य निम्न प्रकृयाबाट कार्यन्वयन गरिनेछ।

(क) उपभोक्ता समिति वा लिफ्ट तथा डिप बोरिङ खानेपानी प्रकृयागत रुपमा दर्ता भई प्रमाण पत्र लिएको वा खानेपानी मुल दर्ता अन्तर्गत दर्ता भई प्रमाण पत्र लिई समुदाय/वस्तीमा खानेपानी सुविधा उपलब्ध गराउने उद्देश्यले संचालन भएका योजनाहरु हुनुपर्नेछ।

(ख) कम्तीमा १० घर धुरी भन्दा बढीको लागि संचालन भएको खानेपानी योजना हुनु पर्नेछ।

(ग) समिति/संस्थाले विल भुक्तानी गरी रसिद वा कार्डको फोटोकपी र वडा कार्यालयको सिफारिश संलग्न राखी भुक्तानी माग गरे पश्चात सम्बन्धित आ.व. मा नै समितिको खातामा भुक्तानी गरिनेछ। तर आसार महिनाको विल अर्को आर्थिक वर्षमा भुक्तानी गर्न सकिनेछ।

(घ) विल चालु आ.व.२०७९।०८० को श्रावण महिना देखिको विद्युत महशुल रकम गाउँपालिकाले व्यहोर्ने छ।

(ङ) चालु आ.व.को कार्यान्वयनको लागि आवश्यक कागजतहरु सहित विल पेश गर्ने सम्बन्धि ७ दिने सूचना प्रकाशन गरी सोही बमोजिम कार्यान्वयन गरिनेछ।

## परिच्छेद–४

## विविध

क. कार्यक्रमको प्रशासनिक खर्च गाउँपालिकाको विनियोजित बजेटबाट व्यहोरिने छ।

ख. बैठक भत्ता गाउँपालिकाका अन्य समितिले पाए सरहको बैठक भत्ता दिइनेछ।

ग. समितिले आफुले गरेको कामको अभिलेख राख्नु पर्नेछ।

घ. गाउँपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ।

ङ. गाउँपालिकाको निर्णयबाट यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सकिनेछ।

**प्रमाणीकरण मितिः** २०७९।०५।३०

**आज्ञाले,**
**सुमन पण्डित**
**प्रमुख प्रशासकीय अधिकृत**